## मिति २०७७।०३।२५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक सहायता उपलब्ध गराउने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिन्सी सामानको भण्डारण तथा विशेष जिम्मेवारी पाएका अधिकृतस्तरका कर्मचारीको आवाश व्यवस्थापन गर्न घर भाडामा लिन सैद्धान्तिक स्वीकृति दिने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेश समपुरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृति गर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेश विशेष अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृति गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेश सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ स्वीकृति गर्ने।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको लागतको बराबर साझेदारीमा फेवातालको जलाधार संरक्षणका लागि उपल्लो तटीय क्षेत्रमा रहेका खोलाहरुमा चेक ड्याम तथा सिल्टेशन ड्याम निर्माण कार्यका लागि बजेट हस्तान्तरण गर्ने।

७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको गोठिङ कृषक समूह, पुतलीबजार नगरपालिका वडा नं. ४, स्याङ्जाद्धारा संचालन गरिएको चक्लावन्दी कार्यको लागि थप रकम उपलब्ध गराउने सम्वन्धमा मन्त्रालयको चालु खर्च तर्फ मौज्दात रहने रकमबाट भुक्तानी दिने।

८. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रदेश वाहिरबाट यस प्रदेशमा आएका नागरिकहरुलाई सम्बन्धित स्थानीय तहको क्वारेन्टिनसम्म लैजादा प्रयोग भएका यातायातको साधनलाई सवारी भाडा भुक्तानी गर्ने।

९. सामाजिक विकास मन्त्रालयको गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उपचारका लागि प्रयोग गरिएका आइसोलेशन केन्द्रहरु स्वीकृत गर्ने तथा आइसोलेशन केन्द्रको पूर्वाधार, संचालन र व्यवस्थापनका लागि स्थानीय तह मार्फत रकम उपलब्ध गराउने।

१०. सामाजिक विकास मन्त्रालयको सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा सामाजिक विकास मन्त्रालयमा रहेको चालु खर्चतर्फ मौज्दात रहने रकमबाट बजेट व्यवस्थापन गरी भुक्तानी दिने।